**Peer Reviewed Article**

Marsyangdi Journal
Volume 3, No. 1
ISSN 2738-9588

# सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण

सहप्रा. बुद्धराज खनिया, पि.एच.डी.
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
Email: khaniya.br1@gmail.com

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 15th March, 2022 | 18th May, 2022 | 15th June, 2022 |

## सार

*अभिव्यक्तिको सबैभन्दा माथिल्लो एकाइ : सङ्कथनलाई यस लेखको अध्ययनीय विषयका रूपमा लिइएको छ । यस लेखको मुख्य उद्देश्य सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गर्नु रहेको छ । यो अध्ययन गुणात्मक अनुसन्धानको पुस्तकालयीय अध्ययनमा आधारित छ । यसमा सम्बद्धकका आधारमा मात्र सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गरिएको छ । यहाँ सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति र लोपका आधारमा व्याकरणिक सम्बद्धक र पर्यायवाची, विपरीतार्थी, समावेशी र सन्निधानका आधारमा कोशीय सम्बद्धकहरूको सङ्कथन विश्लेषण गरिएको छ । यस अनुसार सुखसत्ता निबन्धमा त्रिचालिस ओटा सार्वनामिक सम्बद्धक, अठार ओटा स्थानिक सम्बद्धक, तेर ओटा कालिक सम्बद्धक, पन्ध्र ओटा संयोजक प्रयोग भएको पाइन्छ भने पैँतिस ओटा भाषिक आइटम तिन पटकदेखि छब्बिस पटकसम्म पुनरावृत्ति र आठ ओटा भाषिक अंश विभिन्न सन्दर्भमा लोप भएको पाइन्छ । त्यसैगरी सो निबन्धमा दश जोडी पर्यायवाची, पाँच जोडी विपरीतार्थी, पाँच जोडी समावेशी समावेश्य र आठ जोडी सन्निधान कोशीय सम्बद्धकहरू प्रयोग भएको पाइन्छ । यस किसिमले सुखसत्ता निबन्धमा प्रयोग भएका व्याकरणिक सम्बद्धकहरूले व्यक्त विचारलाई कतै विस्तार गर्न, कतै स्पष्टीकरण दिन, त कतै विकल्प दर्साउन, विपरीत स्थिति देखाउन, तुलना गर्न, कार्य कारण दर्साउन लगायत विभिन्न सम्बन्ध जनाउन मद्दत गरेका छन् । त्यस्तै कोशीय सम्बद्धकले सो निबन्धमा व्यक्त विषयवस्तुलाई सिलसिलाबद्ध गर्न सहयोग गरेका छन् । यसरी 'सुखसत्ता' मा प्रयोग भएका विभिन्न किसिमका सम्बद्धकहरूले निबन्धलाई सरल, सरस र सम्प्रेषणीय बनाउन मद्दत गरेका छन् ।*

**शब्दकुञ्जी :** कोशीय सम्बद्धक, व्याकरणिक सम्बद्धक, विषयवस्तु, शृङ्खलाबद्ध, सम्प्रेषणीय

## विषय परिचय

भाषाका दुई पक्ष : बोध र अभिव्यक्ति हुन्छन् । सुनेर वा पढेर बोध हुन्छ भने बोलेर वा लेखेर अभिव्यक्ति हुन्छ । वक्ताको मौखिक अभिव्यक्ति श्रोताले श्रवण गरेर बोध हुन्छ कि लेखकको लिखित अभिव्यक्ति पठन गरेर बोध हुन्छ । यसर्थ बोध र अभिव्यक्ति एवम् सुनाइ, बोलाइ, पढाइ र लेखाइका बिच

अन्तर सम्बन्ध रहन्छ । भाषाको मुख्य कार्य भनेकै बोध र अभिव्यक्ति हुनु हो । भाषिक व्यवहारका सन्दर्भमा एकले अभिव्यक्ति दिन्छ भने अर्कोले बोध गर्छ अनि बोधका आधारमा प्रतिक्रिया दिन्छ । त्यसपछि प्रतिक्रियाका आधारमा संवाद अघि बढ्छ । यसरी मानिसहरूले बोध र अभिव्यक्तिबाट भाषिक व्यवहार सम्पादन गर्छन् ।

संवादका क्रममा मानिसले विभिन्न भाषिक एकाइहरू : वर्ण-रूप-शब्द-पदावली-उपवाक्य-वाक्य-अनुच्छेद-सङ्कथन प्रयोग गरेका हुन्छन् । सङ्कथन भाषाको उच्चतम एकाइ हो जसमा वक्ता वा लेखकको पूर्ण विचार वा धारणा रहेको हुन्छ । कुनै विषयवस्तु वा सूचना वा कुनै विचार एवम् धारणा सिलसिला मिलाएर गरिएको अभिव्यक्ति नै सङ्कथन हो र त्यो सम्प्रेषणीय हुन्छ । अभिव्यक्ति जुनसुकै स्वरूपमा प्रयोग गरिएको भए पनि त्यो पूर्ण हुनुपर्छ र त्यसले वक्ता-लेखकको विचार प्रवाह गरेको हुनुपर्छ । त्यसका लागि भाषाको आन्तरिक संरचनालाई बाह्य संरचनाले उनेको हुनुपर्छ । यही कुरा हेर्नका लागि सङ्कथन विश्लेषण गरिन्छ ।

सङ्कथन विश्लेषणको प्रारम्भिक चर्चा गर्ने क्रममा भट्टराई (२०६५) ले सङ्कथन विश्लेषणमा सन्दर्भ ठुलो कुरा हुने बताएका छन् । उनी भन्छन् - "भाषाको प्रयोग हुँदा एउटा सन्दर्भबेगर हुँदैन । त्यो प्रयोग हुँदा निम्न संलग्न हुन्छन् : सम्बोधक, सम्बोधित, श्रोता, विषय, परिवेश, सूत्र, सङ्केत पद्धति, सन्देश, घटना, उद्देश्य । त्यसैगरी यसभित्र सम्भावित जगत् (स्थान), समय, वक्ता, श्रोता अघिको वार्ता प्रसङ्ग, अवको कार्य आदि पर्दछन्" (पृपृ. ५१-५२) । गी (सन् २०११) ले पनि सन्दर्भको महत्त्व दर्साउँदै कथ्य, लेख्य र साङ्केतिक सबै प्रकारका सङ्कथनमा सन्दर्भको विशिष्ट भूमिका देखापर्छ भनेका छन् । त्यसैगरी सङ्कथनलाई एउटा सिङ्गो अभिव्यक्ति मान्दै अधिकारी (२०७४) सङ्कथन विश्लेषण संवाद विश्लेषणबाट प्रारम्भ भएर पाठ विश्लेषण र आख्यान विश्लेषणका रूपमा विकसित भएको बताएका छन् । उनले थपेका छन् -

> संवाद विश्लेषणमा कथ्य भाषाका अभिव्यक्तिहरूको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणाका आधारमा त्यस्तै किसिमको विश्लेषण पद्धतिलाई अँगालिन्छ । पाठ विश्लेषणमा लेख्य भाषाका विविध विधाहरूको विश्लेषणमा जोड दिइन्छ भने आख्यान विश्लेषणमा अख्यानात्मक विधाका पाठहरूमा समय, घटना, चरित्र र परिवेशका बिचको आपसी सम्बन्ध र सङ्गठनका पक्षहरूलाई केलाउने काम हुन्छ । यसरी सङ्कथनका स्वरूपगत र सन्दर्भगत भिन्नताले यसको विश्लेषण प्रभावित हुनु स्वाभाविक छ (पृ.२६८) ।

सङ्कथन विश्लेषणका सन्दर्भमा भुसाल (२०७८, पृ. ७१) ले संवाद विश्लेषण र पाठ विश्लेषणको चर्चा गर्दै पाठको संरचनात्मक, प्रकार्यपरक, भाषिक वा आर्थी विश्लेषणलाई पाठ विश्लेषण भनेका छन् । उनका अनुसार पाठ विश्लेषणमा पाठको स्वरूप, पाठ निर्माणका विभिन्न युक्तिहरू, पाठशैली आदिको अध्ययन विश्लेषण गरिन्छ । यसरी जुनसुकै स्वरूपको अभिव्यक्तिको सङ्कथन विश्लेषण गर्दा विषय र भाषा जोडेर केलाइन्छ ।

सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य हो । यसमा सम्बद्धक (Cohesion) का आधारमा मात्र सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गरिएको छ । सम्बद्धकलाई व्याकरणिक र कोशीय आधारमा लेखाजोखा गरिएको छ । शारदा शर्माद्वारा रचित सुखसत्ता निबन्ध त्रिभुवन विश्वविद्यालय (त्रिवि) का विभिन्न सङ्काय अन्तर्गत स्नातक तहमा अनिवार्य नेपाली विषयका रूपमा

अध्ययन गर्ने विद्यार्थीहरूका लागि लागु गरिएको पाठ्यांशमा समावेश गरिएको छ । त्यसैले पनि यो अनुसन्धान लेखको शैक्षणिक र सैद्धान्तिक दुवै महत्त्व रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक अनुसन्धानको पुस्तकालयीय अध्ययनमा आधारित छ । त्रिविका विभिन्न सङ्काय अन्तर्गत स्नातक तहमा लागु गरिएको अनिवार्य नेपाली विषयको पाठ्यांशमा समावेश भएका विभिन्न विधागत पाठहरूमध्ये शारदा शर्माद्वारा रचित सुखसत्ता निबन्धलाई उद्देश्यपरक आधारमा छनोट गरिएको हो । सुखसत्ता निबन्धलाइ प्राथमिक स्रोत मानी सोही निबन्धबाट पुस्तकालयीय अध्ययनका आधारमा सम्बद्धक सम्बन्धी तथ्यहरू सङ्कलन गरी वर्णनात्मक एवम् व्याख्यात्मक तरिकाले 'सुखसत्ता'को सङ्कथन विश्लेषण गरिएको छ ।

## नतिजा तथा छलफल

सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गर्दै अधिकारी (२०७४) ले सङ्कथनका युक्ति भनेर सम्बद्धक र सम्बद्धनलाई लिएका छन् । सम्बद्धक अन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप र कोशीय अर्थ सम्बन्धको चर्चा गरेका छन् भने सम्बन्धनमा वैचारिक सिलसिलालाई लिएका छन् । त्यसैगरी गौतम (२०६४) ले  चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण गरेका छन् भने आचार्य (२०६५) ले कक्षा दशको नेपाली किताबमा रहेका कथाको सम्बद्धन र सम्बद्धकका आधारमा सङ्कथन विश्लेषण गरेका छन् । ढकाल (२०६७) ले पनि मधेसतिर कथाको सम्बद्धन र सम्बद्धकका आधारमा सङ्कथन विश्लेषण गरेकी छन् । सङ्कथन विश्लेषणलाई बस्नेत (२०६७) ले कक्षा नौको अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका 'भविष्य निर्माण' र 'खड्क बहादुर' कथामा प्रयुक्त सम्बद्धन र सम्बद्धकको पहिचान र विश्लेषण गरेका छन् । पोखेल (२०६९) ले पनि एकान्त कथाको सम्बद्धन र सम्बद्धकका आधारमा नै सङ्कथन विश्लेषण गरेका छन् । जैसी (२०६४) ले भने सम्बद्धकका आधारमा मात्र तिन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण गरेका छन् । त्यसैगरी भुसाल (२०७८) ले संसक्ति (सम्बद्धक) र संयुक्ति (सम्बद्धन) का आधारमा शिशिर र वसन्तको कथाको सङ्कथन विश्लेषण गरेका छन् । यसरी सङ्कथन विश्लेषणका सैद्धान्तिक एवम् आनुप्रायोगिक मान्यताका आधारमा सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गरिएको छ । सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गर्दा सम्बद्धकलाई मात्र हेरिएको छ । यहाँ सुखसत्ता निबन्धमा प्रयोग भएका विभिन्न किसिमका सम्बद्धकहरूले अभिव्यक्तिलाई कसरी शृङ्खलाबद्ध गरेका छन्, तिनको व्याख्या विश्लेषण गरिएको छ ।

**सम्बद्धक :** सुखसत्ता निबन्धमा प्रयोग भएका सम्बद्धकलाई व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धक गरी दुई किसिमले विश्लेषण गरिएको छ ।

*व्याकरणिक सम्बद्धक* : सुखसत्ता निबन्धमा प्रयोग भएका व्याकरणिक सम्बद्धकहरूलाई सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति र लोपका आधारमा वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

सार्वनामिक सम्बद्धक : सुखसत्ता निबन्धमा प्रयोग भएका सार्वनामिक सम्बद्धकहरूलाई तालिका एकमा प्रस्तुत गरिएको छ ।

तालिका १

*सार्वनामिक सम्बद्धकको प्रयोग*

| सर्वनामका प्रकार | सर्वनाम |
|---|---|
| पुरुषवाचक | मैले, हामी, हामीलाई, म, मलाई, मेरो, हाम्रो, मेरा, हामीले |
| आत्मवाचक | आफ्नो, आफू, आफैँ, आफ्नै, आफूलाई |
| दर्शकवाचक | यस्ता, यो, त्यो, यस, त्यस, यी, यिनीहरू, तिनका, ती, तिनीहरूलाई, तिनीहरूको |
| सम्बन्धवाचक | जो, जहाँबाट |
| निश्चयवाचक | सबै, अर्को, अर्काको |
| अनिश्चयवाचक | कसैले, कोही |
| पारस्परिक | आआफ्नै, आआफ्नो, आआफ्ना, एकअर्कालाई |
| तुलना | हामीहरूमध्ये, हामीमध्ये, यिनीहरूमध्ये, आफूभन्दा, योभन्दा, त्यो भन्दा, आफ्नोभन्दा |

सुखसत्ता निबन्धमा पुरुषवाचक ९ ओटा, आत्मवाचक ५ ओटा, दर्शकवाचक ११ ओटा, सम्बन्धवाचक २ ओटा, निश्चयवाचक ३ ओटा, अनिश्चयवाचक २ ओटा, पारस्परिक ४ ओटा र तुलना ७ ओटा गरी जम्मा ४३ ओटा सार्वनामिक सम्बद्धकहरू प्रयोग भएका छन् । यी सार्वनामिक सन्दर्भहरू कतै पश्च सन्दर्भक त कतै अग्र सन्दर्भकका रूपमा प्रयोग भएका छन् । जस्तै : **आफ्नै** साथीहरू मन्त्री, प्रधानमन्त्री भए, **आफू** सांसदै छु । **आफूभन्दा** जुनियरले उछिनिसके जागिरमा, **आफ्नो** प्रमोसन भएन । **योभन्दा त्यो** राम्रो, **त्योभन्दा त्यो** । **आफूलाई** उपलब्ध वस्तुमा **सबै** असन्तुष्ट छन्, **अर्काको** स्थिति **आफ्नोभन्दा** सधैँ राम्रो देख्छन् मान्छेहरू । उक्त विभिन्न किसिमका सर्वनाम र सार्वनामिकहरूको उपयोगले सुखसत्ता निबन्धमा वाक्यभित्रै र वाक्य वाक्यका बिच शृङ्खलाबद्ध गर्न मद्दत पुगेको छ ।

स्थानिक सम्बद्धक : सुखसत्ता निबन्धमा विभिन्न किसिमका स्थानिक सम्बद्धकहरू प्रयोग भएका छन् । यस निबन्धमा प्रयोग भएका स्थानिक सम्बद्धकहरू यस प्रकार छन् :

| | | | |
|---|---|---|---|
| त्यहाँ | कहाँ | कहीँ | जहाँ |
| पोखरा | पश्चिमपट्टि | उत्तरतिर | जहाँबाट |
| टाढा | दूरीतर्फ | ठाउँ | पृथ्वी |
| संसारमा | बाटो | दिशातर्फ | शिखरबाट |
| दुइटा कुनामा | विन्ध्यवासिनी मन्दिरको वरपर खुला आकास मुन्तिर | | |

माथि उल्लेख भए बमोजिम सुखसत्ता निबन्धमा विभिन्न किसिमका १८ ओटा स्थानिक सम्बद्धकहरू प्रयोग भएका छन् । त्यहाँ, पोखरा, पश्चिमपट्टि, टाढा, ठाउँ, पृथ्वी, बाटो जस्ता स्थानिक प्रयोगले सुखसत्ता निबन्धमा सम्बद्धकको काम गरेका छन् । जस्तै : **पोखरामा** बस्थ्यौँ हामी । अहिले जस्ता राम्रा विद्यालयहरू थिएनन् । हामी **विन्ध्यवासिनी देवीको मन्दिर वरपर खुला आकासमुन्तिर** गोलो घेरा बनाएर पढ्न बस्थ्यौँ । यी विभिन्न किसिमका सर्वनामले निबन्धको सङ्कथनभित्रको स्थान सम्बन्धी सन्दर्भलाई जनाएका छन् ।

कालिक सम्बद्धक : सुखसत्ता निबन्धमा विभिन्न किसिमका कालिक सम्बद्धकहरू प्रयोग भएका छन् । यस निबन्धमा प्रयोग भएका कालिक सम्बद्धकहरू यस प्रकार छन् :

| | | | |
|---|---|---|---|
| अब | अहिले | समय | सात वर्ष |
| बाह्र वर्ष | बिहान | त्यसबखत | हरपल |
| बारम्बार | कुनै वेला | कहिल्यै | जतिखेर |
| क्षणक्षणमा | | | |

सुखसत्ता निबन्धमा विभिन्न किसिमका १३ ओटा कालिक सम्बद्धकहरू प्रयोग भएका छन् । अब, अहिले, सात वर्ष, बिहान, त्यसबखत, हरपल, बारम्बार, कुनै वेला, कहिल्यै जस्ता कालिक प्रयोगले सुखसत्ता निबन्धमा सम्बद्धकको काम गरेका छन् । जस्तै : मलाई सम्झना छ, **त्यस बखत** म करिब **सात वर्षकी** थिएँ, पोखरामा बस्थ्यौँ हामी । ... यी विभिन्न किसिमका कालिक सम्बद्धकहरूले सुखसत्ता निबन्धको सङ्कथनभित्रको काल सम्बन्धी सन्दर्भलाई जनाएका छन् ।

संयोजन : कुनै भाषिक एकाइहरूलाई जोड्नु संयोजन हो । र, अनि, पनि, तर, त्यसैले जस्ता संयोजकहरूले शब्द शब्द, पदावली पदावली वा वाक्य वाक्यलाई एक आपसमा जोड्ने काम गर्दछन् । यस्ता भाषिक एकाइहरूको प्रयोगले पूर्व-पश्च सन्दर्भ नजनाए पनि भाषिक एकाइहरूको अनुक्रमलाई भने अवश्यमेव जोड्दछन् । यसर्थ संयोजक साङ्कथनिक सम्बद्धता जनाउन मद्दत गर्ने युक्ति भएको हुँदा यसलाई पनि सम्बद्धकका रूपमा व्याख्या गरिएको छ । अधिकारी (२०७५) ले संयोजकलाई सरल र जटिल, सम्बन्धवाचक, समपदिक र विषमपदिक, युगल संयोजकका रूपमा उल्लेख गरे बमोजिम यहाँ सोही आधारमा सुखसत्ता निबन्धमा प्रयोग भएका संयोजन सम्बद्धकहरूको व्याख्या गरिएको छ । यस निबन्धमा प्रयोग भएका संयोजकहरू यस प्रकार छन् :

| | | | |
|---|---|---|---|
| अन्यथा | तर | र | पनि |
| र पनि | वा | अथवा | कि |
| बरु | त्यसपछि | जो | जे |
| जहाँ | न... न | पनि ... पनि | |

सुखसत्ता निबन्धमा विभिन्न किसिमका १५ ओटा संयोजकहरू प्रयोग भएका छन् । यी संयोजकहरूले पद पद, पदावली पदावली र वाक्य वाक्यलाई जोड्ने काम गरेका छन् । बनोटका दृष्टिले र, पनि, तर, अन्यथा, भने, कि आदि सरल संयोजक हुन् भने अन्ततः, र पनि, जहँबाट आदि जटिल संयोजक हुन् । त्यस्तै र, वा, पनि, तर, भने (तुलनात्मक) आदि समपदिक संयोजक हुन भने जे, जहाँ, भने (सर्तबोधक), कि आदि विषमपदिक संयोजक हुन् । जहाँ, जे आदि सम्बन्धवाचक संयोजक हुन् । त्यसैगरी न...न, पनि... पनि युगल संयोजक हुन् । जस्तै : मनले सपना देखाउँछ हामीलाई **र** हामी आफ्ना सम्पूर्ण बलबुता लगाएर शरीर **र** इन्द्रियको प्रयोगद्वारा आफ्ना इच्छा आकाङ्क्षाहरू उपलब्ध गर्न खोज्छौँ । इच्छाको पूर्ति हुँदा हामीलाई सुखको अनुभूति हुन्छ । **तर** आश्चर्य त केमा छ **भने** इच्छाको एउटा वृत्तलाई स्पर्श गर्ने बित्तिकै मनले अझ ठुलो अर्को वृत्त निर्माण गरिन्छ **र** हामी पुनः त्यो वृत्तलाई छुन चाहन्छौँ । ... यो **न** कुनै सीमाभित्र अटाउँछ, **न** कुनै बन्धनले बाँधिन्छ । जन्म **र** मरणको चक्रबाट मुक्ति पाउने **भन्ने** कुरामा **भने** मेरो चित्त बुझेको थिएन । ... पैसा प्रशस्त भयो **भने** सुख आफैँ प्राप्त हुन्छ । यसरी सुखसत्ता निबन्धमा संयोजकको प्रयोगमा विविधता

पाइन्छ । जस्तैः **भने** कतै तुलनात्मक रूपमा त कतै सर्तबोधकका रूपमा प्रयोग भएको छ । फेरि यी संयोजकहरूमा कुनै योगात्मक र कुनै विपरीतार्थक संयोजकका रूपमा प्रयोग भएका छन् ।

पुनरावृत्ति : अभिव्यक्तिका क्रममा पुनरावृत्ति भएका कतिपय पद वा पदावलीले सम्बद्धकको काम गरेका हुन्छन् । फेरि कतिपय स्थितिमा एउटै भाषिक अंशको पुनरावृत्तिले पनि यसको कार्य गरेको हुन्छ । तसर्थ यहाँ पुनरावृत्त पद वा पदावलीलाई सम्बद्धकका रूपमा हेरिएको छ । सुखसत्ता निबन्धमा कतिपय भाषिक अंशहरू पुनरावृत्ति भएर सम्बद्धकको काम गरेका छन् । यस निबन्धमा तिन पटकभन्दा बढी प्रयोग भएका भाषिक आइटमहरू मात्र यहाँ समावेश गरिएको छ । सुखसत्ता निबन्धमा पुनरावृत्ति भएका भाषिक आइटमहरू यस प्रकार छन् :

| | | | |
|---|---|---|---|
| हामी२६ | पनि२३ | मान्छे१६ | र१३ |
| आफू११ | सुख१० | त्यो९ | सब८ |
| यो७ | म७ | आफ्नो७ | तर७ |
| खुसी७ | मेरा६ | अर्को५ | मन५ |
| इच्छा५ | जीवन५ | सुखी४ | आकाङ्क्षा४ |
| संसार४ | पैसा४ | पृथ्वी४ | सन्तुष्ट४ |
| असन्तुष्टि३ | ती३ | आफैँ३ | आआफ्नै३ |
| कसैले३ | सपना३ | यस्ता३ | अन्यथा३ |
| ससाना३ | सुख३ | निरन्तर ३ | |

सुखसत्ता निबन्धमा विभिन्न किसिमका ३५ ओटा भाषिक आइटमहरू तिनदेखि २६ पटकसम्म प्रयोग भएका छन् । निबन्धको विषयवस्तु अनुसार पुनरावृत्ति भएका उक्त भाषिक आइटमहरूले भाषिक एकाइहरूलाई ससन्दर्भ जोड्ने काम गरेका छन् ।

लोप : पाठको पूर्व कथन वा भाषिक आइटमलाई आवृत्ति नगरी सोही अर्थ दिने गरी भएको प्रयोगमा लोप घटित हुन्छ । व्याकरणिक दृष्टिले कुनै भाषिक अंश छुट भएको देखिए पनि सम्प्रेषणीयका दृष्टिले लोप सान्दर्भिक मानिन्छ । लोप अभिव्यक्तिको एउटा सौन्दर्य पनि हो, जुन सम्प्रेषणीय हुन्छ । यसमा कुनै भाषिक अंश अव्यक्त हुन्छ तर पूर्व सन्दर्भका आधारमा सहजै अनुमान लगाएर अर्थबोध गर्न सकिन्छ । त्यसैले कुनै पाठ वा अभिव्यक्तिमा लोप स्वाभाविक मानिन्छ । सुखसत्ता निबन्धको कथनमा उल्लेख भएका कतिपय भाषिक अंशहरू लोप भएका छन् । यस निबन्धमा लोप भएका भाषिक आइटमहरूलाई तालिका दुईमा प्रस्तुत गरिएको छ ।

तालिका २

*सुखसत्ता निबन्धमा लोपको स्थिति*

| भाषिक आइटम | लोप |
|---|---|
| मलाई | ... निर्देशित गरेको पाउँदा ʌ बडो आश्चर्य लाग्छ, ʌ आनन्द लाग्छ । |
| मनदेखि | ... असङ्ख्य आकाङ्क्षाहरू जागृत हुन्छन् ʌ । |
| गौतमबुद्धका | ....। ʌ उपदेशहरू राम्रा लागेका थिए । |
| देख्न सकिन्थ्यो | ... धर्मशालाभित्रको कछुवा ʌ । |
| जागिरमा | ... उछिनिसके जागिरमा, आफ्नो प्रमोसन भएन ʌ । |
| मान्छेहरू. | ... छटपटाइरहेका हुन्छन्, ʌ निदाउन सक्दैनन् । ... ʌ आफ्नो उपलब्धिमा सन्तुष्ट छन् ? ʌसम्भवतः छैनन् । |
| राम्रो | योभन्दा त्यो राम्रो, त्योभन्दा त्यो ʌ । |
| विन्ध्यवासिनी मन्दिरको वरपर खुला आकासमुन्तिर | ... बस्थ्यौं । गुरुहरू ʌ आउनुहुन्थ्यो र ... । |

सुखसत्ता निबन्धमा विभिन्न किसिमका ८ ओटा भाषिक आइटमहरू पूर्व सन्दर्भमा प्रयोग भएका तर पश्च सन्दर्भमा लोप भएर अभिव्यक्तिलाई सम्प्रेषणीय बनाएका छन् । जस्तै : एकफेर गुरुले **गौतमबुद्धका** उपदेशहरू पढाउनुभएको थियो । ʌ उपदेशहरू राम्रा लागेका थिए मलाई । हामीले **जनता**को सार्वभौम सत्ताको स्थापनार्थ संसारभरि धेरैपल्ट आन्दोलन गर्‍यौं । तर दिनानुदिन यो सार्वभौम सत्ता सम्पन्न जनता भने आफूलाई सुखसत्ताले वञ्चित निरीह प्राणी मात्र भेट्टाइरहेछ । ʌ निरन्तर सुखको सत्ता खोजिरहेछ । ʌ नभटेट्टिने ठाउँमा खोजिरहेछ, नभेट्टिने दिशातर्फ दौडिरहेछ । यस्ता भाषिक आइटम लोप हुँदा पनि पूर्व प्रसङ्गका आधारमा ती अभिव्यक्ति सम्प्रेणीय देखिन्छन् ।

*कोशीय सम्बद्धक* : अभिव्यक्तिलाई शृङ्खलाबद्ध बनाउन व्याकरणिक सम्बद्धक जस्तै कोशीय अर्थ सम्बन्धको पनि महत्त्व रहन्छ । पर्यायवाची, विपरीतार्थी, समावेशी जस्ता कोशीय आइटमहरूले एक अर्कामा निहीत अर्थको सिकी बनाउन मद्दत गरेका हुन्छन् । फेरि अधिकारी (२०७४) ले भने अनुसार कोशीय शब्दहरू आफैं पनि अभिव्यक्त धारणा एवम् विचारलाई भाषाभित्रबाट नै शृङ्खलाबद्ध बनाउँदै लैजाने युक्ति समेत बनेका हुन्छन् (पृ. २७३) । यस किसिमले सुखसत्ता निबन्धमा प्रयोग भएका कोशीय सम्बद्धकहरूलाई पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र सन्निधानका आधारमा वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

पर्यायवाची : सुखसत्ता निबन्धमा विभिन्न किसिमका पर्यायवाचीहरू प्रयोग भएका छन् जुन यस प्रकार छन् :

| | |
|---|---|
| धेरै कम - प्रायः नगण्य | दुखेसा गुनासा - अप्राप्ति असन्तुष्टि |
| पीडित - उद्विग्न - आन्दोलित | इच्छा - आकांक्षा |

| | |
|---|---|
| मोह - लोभ - लालच | ईर्ष्या - द्वेष |
| शान्त - धीर | स्नेह - प्रेम - माया |
| वृक्ष - रुख | निरन्तर - अखण्ड |

सुखसत्ता निबन्धमा विभिन्न किसिमका १० जोडी पर्यायवाची शब्दहरू प्रयोग भएका छन् । यस निबन्धमा प्रयोग भएका कतिपय भाषिक आइटमहरू हुबहु पर्यायवाची नभए पनि समान भाव बोकेका प्रयोगहरू भएका छन् । जस्तै : प्रायः हामी सबै सामान्य मान्छेहरू **दःखेसा, गुनासा, अप्राप्ति, असन्तुष्टि**ले हरपल पीडित भइरहेका हुन्छौँ, **उद्विग्न** र आन्दोलित भइरहेका हुन्छौँ । यस संसारमा मान्छेले इच्छा गर्ने सबैभन्दा ठुलो वस्तु **स्नेह, प्रेम, माया**का समस्त ढोकाहरू बन्द गर्ने यस्तो सम्पन्नताको के अर्थ ? यस्ता पर्यायवाचीहरूको प्रयोगले निबन्धमा विविधता आउनुका साथै मिठास पनि थपेको देखिन्छ ।

विपरीतार्थी : सुखसत्ता निबन्धमा विभिन्न किसिमका विपरीतार्थीहरू प्रयोग भएका छन् जुन यस प्रकार छन् :

| | | |
|---|---|---|
| सुख - दु:ख | मृत्यु - जीवन | जन्म - मरण |
| न्याय - अन्याय | सन्तुष्टि - असन्तुष्टि | |

सुखसत्ता निबन्धमा विभिन्न किसिमका ५ जोडी विपरीतार्थी शब्दहरू प्रयोग भएका छन् । उक्त विभिन्न किसिमका विपरीतार्थीहरूको प्रयोगले निबन्धमा व्यक्त विचारलाई जोड्न धेरथोर मद्दत गरेको पाइन्छ ।

समावेशी-समावेश्य : सुखसत्ता निबन्धमा विभिन्न किसिमका समावेशी-समावेश्य प्रयोग भएका छन् जुन यस प्रकार छन् :

मन्दिर- विन्ध्यवासिनी देवीको
उपदेश- गौतम बुद्धका
वृक्ष रुख- रुद्राक्ष
तारा- ध्रुव
दिशा- पश्चिमपट्टि, उत्तरतिर

यस निबन्धमा विभिन्न किसिमका समावेशी-समावेश्य प्रयोग भएका छन् । यस निबन्धमा समावेशी-समावेश्यका रूपमा **मन्दिर**मा विन्ध्यवासिनी देवीको मन्दिर, **उपदेश**मा गौतम बुद्धका उपदेश, **वृक्ष वा रुख**मा रुद्राक्ष रुख, **तारा**मा ध्रुव तारा, **दिशा**मा पश्चिमपट्टि र उत्तरतिर भाषिक आइटम समावेश भएका छन् । यस किसिमका समावेशी-समावेश्यको प्रयोगले सुखसत्ता निबन्धमा व्यक्त विचारलाई थप प्रस्ट गर्न मद्दत गरेका छन् ।

सन्निधान : सन्निधान भन्नाले पाठमा प्रयुक्त कोशीय एकाइहरूको साहचर्यात्मक सम्बन्ध भन्ने बुझिन्छ । यसमा पाठमा प्रयोग भएका भाषिक एकाइहरूका बिच सन्निकटता रहन्छ । परस्परको सन्निकट सम्बन्धले नै अभिव्यक्तिलाई सार्थक र शृङ्खलाबद्ध गर्न मद्दत मिल्छ । सुखसत्ता निबन्धमा केही भाषिक आइटमका सन्दर्भमा सन्निधान देखिन्छ । जस्तै :

| | |
|---|---|
| जन्म मरणको चक्र | जागिर प्रमोसन |
| इच्छा निःसृत | आकाङ्क्षा जागृत |

| | |
|---|---|
| ढुङ्गाले चिट्नु | जनता सार्वभौम सत्ता सम्पन्न |
| खिलखिलाएर हास्नु | अहोरात्र |

सुखसत्ता निबन्धमा प्रयोग भएका माथि उल्लेख गरिएका भाषिक आइटममा सन्निधान देखिन्छ । यस्ता प्रयोगले निबन्धको सङ्कथनलाई सम्प्रेषणीय र शृङ्खलाबद्ध बनाएका छन् । तर निबन्धमा केही प्रयोगहरू छन् जुन ऐतिहासिकताका दृष्टिले उपयुक्त छैनन् । जस्तै : खुसीका समुद्र, इच्छाका तरङ्ग, तृष्णाका ज्वारभाटा, कुण्ठाको पुञ्ज, तारा टाँगिनु आदि । यस्ता प्रयोग ऐतिहासिकताका दृष्टिले उपयुक्त नभए पनि प्रतीकका दृष्टिले भने सान्दर्भिक देखिन्छन् ।

समग्रमा भन्दा सुखसत्ता निबन्धमा प्रयोग भएका व्याकरणिक एवम् कोशीय सम्बद्धकहरूले अभिव्यक्त विचार र धारणालाई शृङ्खलाबद्ध बनाएका छन् । समष्टिमा सुखसत्ता निबन्धमा प्रयोग भएका व्याकरणिक सम्बद्धकलाई तालिका तिनमा र कोशीय सम्बद्धकलाई तालिका चारमा प्रस्तुत गरिएको छ ।

तालिका ३

*सुखसत्ता निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धक*


| व्याकरणिक सम्बद्धक | प्रयोग | जम्मा |
|---|---|---|
| सर्वनाम र सार्वनामिक | मैले, हामी, हामीलाई, म, मलाई, मेरो, हाम्रो, मेरा, हामीले, आफ्नो, आफू, आफैँ, आफ्नै, आफूलाई, यस्ता, यो, त्यो, त्यस, यी, यिनीहरू, तिनका, ती, तिनीहरूलाई, तिनीहरूको, यस, जो, जहाँबाट, सबै, अर्को, अर्काको, कसैले, कोही, आआफ्नै, आआफ्नो, आआफ्ना, एकअर्कालाई, हामीहरूमध्ये, हामीमध्ये, यिनीहरूमध्ये, आफूभन्दा, योभन्दा, त्यो भन्दा, आफ्नोभन्दा | ४३ |
| स्थानिक | त्यहाँ, कहाँ, कहीँ, जहाँ, पोखरा, पश्चिमपट्टि, उत्तरतिर, जहाँबाट, टाढा, दूरीतर्फ, पृथ्वी, संसारमा, बाटो, दिशातर्फ, शिखरबाट, दुइटा कुनामा, ठाउँ, विन्ध्यवासिनी मन्दिरको वरपर खुला आकास मुन्तिर | १८ |
| कालिक | अब, अहिले, समय, सात वर्ष, बाह्र वर्ष, बिहान, त्यसबखत, हरपल, बारम्बार, कुनै वेला, कहिल्यै, जतिखेर, क्षणक्षणमा | १३ |
| संयोजन | अन्यथा, तर, र, पनि, र पनि, वा, अथवा, कि, बरु, त्यसपछि, जो, जे, जहाँ, न... न, पनि ... पनि | १५ |
| पुनरावृत्ति | हामी२६, पनि२३, मान्छे१६, र१३, आफू११, सुख१०, त्यो९, सब८, यो७, म७, आफ्नो७, तर७, खुसी७, मेरा६, अर्को५, मन५, इच्छा५, जीवन५, सुखी४, आकाङ्क्षा४, संसार४, पैसा४, पृथ्वी४, सन्तुष्ट४, असन्तुष्टि३, ती३, आफैँ३, आआफ्नै३, कसैले३, सपना३, यस्ता३, अन्यथा३, ससाना३, सुख३, निरन्तर३ | ३५ |
| लोप | मलाई, मनदेखि, गौतम बुद्धका, देख्न सकिन्थ्यो, जागिरको, मान्छेहरू, राम्रो, विन्ध्यवासिनी मन्दिरको वरपर खुला आकास मुन्तिर | ८ |

तालिका ४

*सुखसत्ता निबन्धमा प्रयुक्त कोशीय सम्बद्धक*


| कोशीय सम्बद्धक | प्रयोग | जम्मा |
|---|---|---|
| पर्यायवाची | धेरै कम - प्रायः नगण्य, दुखेसा गुनासा - अप्राप्ति असन्तुष्टि, पीडित - उद्विग्न - आन्दोलित, इच्छा - आकांक्षा, मोह - लोभ - लालच, ईर्ष्या - द्वेष, शान्त - धीर, स्नेह - प्रेम - माया, वृक्ष - रुख, निरन्तर - अखण्ड | १० |
| विपरीतार्थी | सुख - दुःख, मृत्यु - जीवन, जन्म - मरण, न्याय - अन्याय, सन्तुष्टि - असन्तुष्टि | ५ |
| समावेश्य | मन्दिर- विन्ध्यवासिनी देवीको, उपदेश- गौतम बुद्धका, | ५ |
| समावेशी | वृक्ष रुख- रुद्राक्ष, तारा- ध्रुव, दिशा- पश्चिमपट्टि, उत्तरतिर | |
| सन्निधान | जन्म मरणको चक्र, जागिर प्रमोसन, इच्छा निःसृत, आकाङ्क्षा जागृत, ढुङ्गाले चिट्नु, जनता सार्वभौम सत्ता सम्पन्न, खिलखिलाएर हास्नु, अहोरात्र | ८ |

सुखसत्ता निबन्धमा प्रयोग भएका र माथिको तालिका तिन र चारमा देखाइएका व्याकरणिक र कोशीय सम्बद्धकहरूलाई क्रमशः वृत्तचित्र १ र २ मा देखाइएको छ ।




*चित्र १*

व्याकरणिक सम्बद्धकहरूको प्रयोगको स्थिति




*चित्र २*
कोशीय सम्बद्धकहरूको प्रयोगको स्थिति

## निष्कर्ष

शारदा शर्माद्वारा रचित सुखसत्ता निबन्ध जुन त्रिविको स्नातक तहको अनिवार्य नेपालीको पाठ्यांशमा समावेश गरिएको छ, त्यसलाई सम्बद्धकका आधारमा सङ्कथन विश्लेषण गरिएको छ । 'सुखसत्ता'लाई सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति र लोपका आधारमा व्याकरणिक सम्बद्धक र पर्यायवाची, विपरीतार्थी, समावेशी र सन्निधानका आधारमा कोशीय सम्बद्धकहरूको सङ्कथन विश्लेषण गरिएको छ । यस अनुसार सुखसत्ता निबन्धमा म, हामी आफू, ती, जो, सबै, अर्को, एकअर्कालाई, हामीहरूमध्ये जस्ता त्रिचालिस ओटा सार्वनामिक सम्बद्धक, त्यहाँ, पोखरा, पश्चिमपट्टि, टाढा, दूरीतर्फ, दिशातर्फ, शिखरबाट, मन्दिरको वरपर जस्ता अठार ओटा स्थानिक सम्बद्धक, अब, सात वर्ष, बिहान, कुनै वेला जस्ता तेर ओटा कालिक सम्बद्धक, अन्यथा, तर, र, पनि, र पनि, वा, न... न पनि ... पनि जस्ता पन्ध्र ओटा संयोजक प्रयोग भएको पाइन्छ भने हामी २६, पनि २३, मान्छे १६, सुख १०, खुसी ७, जीवन ५, पृथ्वी ४, सपना ३ जस्ता पैंतिस ओटा भाषिक आइटम तिनदेखि छब्बिसपटक सम्म पुनरावृत्ति र मलाई, मनदेखि, गौतम बुद्धका, जागिर, मान्छेहरू जस्ता आठ ओटा भाषिक अंश लोप भएको पाइन्छ । त्यसैगरी सो निबन्धमा पीडित - उद्विग्न, इच्छा - आकांक्षा, ईर्ष्या - द्वेष, शान्त - धीर, स्नेह - प्रेम - माया, वृक्ष - रुख, निरन्तर - अखण्ड जस्ता दश जोडी पर्यायवाची, सुख - दुःख, मृत्यु - जीवन, जन्म - मरण, न्याय - अन्याय जस्ता पाँच जोडी विपरीतार्थी, मन्दिर- विन्ध्यवासिनी देवीको, वृक्ष रुख- रुद्राक्ष, तारा- ध्रुव जस्ता पाँच जोडी समावेशी समावेश्य र जन्म मरणको चक्र, जागिर प्रमोसन, आकाङ्क्षा जागृत, ढुङ्गाले चिट्नु, खिलखिलाएर हास्नु जस्ता आठ जोडी सन्निधान कोशीय सम्बद्धकहरू प्रयोग भएको पाइन्छ ।

यस किसिमले सुखसत्ता निबन्धमा प्रयोग भएका व्याकरणिक सम्बद्धकहरूले व्यक्त विचारलाई कतै विस्तार गर्न, कतै स्पष्टीकरण दिन, कतै थपोट गर्न त कतै विकल्प दर्साउन, विरोध वा खण्डन गर्न, विपरीत

स्थिति देखाउन, तुलना गर्न, कार्य कारण दर्साउन, व्याख्या गर्न लगायत विभिन्न सम्बन्ध जनाउन मद्दत गरेका छन् । त्यस्तै कोशीय सम्बद्धकले सो निबन्धमा व्यक्त विषयवस्तुलाई शृङ्खलाबद्ध बनाउँदै लैजान सहयोग गरेका छन् । आयामका दृष्टिले छोटो भए पनि 'सुखसत्ता' मा विभिन्न किसिमका सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ जसले गर्दा निबन्ध सुन्दर र संबोध्य हुनका साथै खँदिलो र कँसिलो पनि भएको छ । सुख बाह्य विषय नभएर आन्तरिक विषय हो भन्ने मूल थिम रहेको निबन्धको विषयवस्तु वा विचारलाई उल्लिखित सम्बद्धकहरूले परस्पर उन्ने कार्य गरेका छन् । फलस्वरूप निबन्धले एउटा सङ्कथनको स्वरूप पाएको छ ।

त्रिविको स्नातक तहको अनिवार्य नेपालीको पाठ्यांशमा समावेश गरिएको हुँदा सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण सैद्धान्तिक दृष्टिले त उपयोगी छँदै छ, शैक्षणिक दृष्टिले यसको उपादेयता अझ बढी देखिन्छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान* (छैटौँ संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०७५), *समसामयिक नेपाली व्याकरण* (छैटौँ संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, तारादेवी (२०६५), *कक्षा १० को नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि, कीर्तिपुर

कोहेन/Cohen, Louis, Manion, L. & Morrison, K. (2007). *Research methods in education* (6th ed.), London: Routledge.

केसवेल/Creswell, J. W. (2012). *Educational research* (4th.ed.). New Jersey: Pearson Education Inc.

गी/Gee, J.P. (2011). *An Introduction to Discourse Analysis* (3rd.ed.). New York: Routledge.

जैशी, कृष्ण प्रसाद (२०६४), *तिन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि, कीर्तिपुर ।

ढुङ्गना, यादव प्रसाद (२०६४), *सञ्चार माध्यमः नेपाली समाचार पत्र पत्रिकामा प्रयुक्त समाचार तथा सम्पादकीय सम्बन्धी प्रचारमुखी भाषिक स्वरूप,* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र, त्रिवि, कीर्तिपुर ।

पाविके (२०७७), *नेपाली साहित्यिक रचना,* ललितपुर : साझा प्रकाशन ।

पोखेल, गोकुल (२०६९), *एकान्त कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि, कीर्तिपुर ।

बस्नेत, सुरेश कुमार (२०६७), *कक्षा ९ को अनिवार्य नेपाली पाठ्य पुस्तकमा रहेका कथाहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिवि, कीर्तिपुर ।

भट्टराई, गोबिन्द प्रसाद (२०६५), सङ्कथन विश्लेषणका प्रारम्भिक आधार, *सम्प्रेषण,* अङ्क पाँच, नेपाली भाषा शिक्षा विज्ञान, त्रिवि, कीर्तिपुर ।

भुसाल, केशव (२०७८), *सङ्कथन विश्लेषण,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।